बकैया गाउँकार्यपालिकाको मिति २०७८।०३।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. क्रमागत योजना सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आव मा कार्य सञ्चालनमा रहेका तपशिल बमोजिमका योजनाहरु कोरोना महामारी तथा लकडाउनको कारण चालु आव मा नै सम्पन्न हुने अवस्था नरहेकोमा क्रमागत योजनाको रुपमा रुपान्तरण गरि आगामी आ व मा सम्पन्न गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. वडा नं. ९ को कार्यालय | ठेक्का नं. BRM/NCB/03/2076-77 |
| २. महेन्द्र माद्यामिक विद्यालय | ठेक्का नं. BRM/NCB/15/2076-77 |
| ३. वडा नम्बर ८ स्वास्थ्य भवन | ठेक्का नं. BRM/NCB/28/2078-77 |
| ४. वडा नम्बर १० स्वास्थ्य भवन | ठेक्का नं. BRM/NCB/29/2076-77 |
| ५. आ्दर्श महिला भवन | ठेक्का नं. BRM/SQW/15/2077-78 |
| ६. न्यायिक समिति भवन | ठेक्का नं. BRM/NCBW/04/2077-78 |
| ७. जुरेली खानेपानी योजना | ठेक्का नं. BRM/NCBW/06/2077-78 |
| ८. वङ्दह खोला पुल | ठेक्का नं. BRM/NCBW/22/2077-78 |
| ९. सानोथली ठुलोथली पान्द्राली लिफ्ट सिँचाई | ठेक्का नं. BRM/NCBW/16/2077-78 |
| १०. जुरेली कभर्ड हल | ठेक्का नं. BRM/NCBW/16/2077-78 |

२. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका कार्यालयले वडा नं. ४ जुरेलीस्थित ४ वटा सटरसहितका कोठाहरु व्यवसायिक प्रयोजनका लागि भाडामा उपलब्ध गराएको र उक्त कोठाको भाडा रकम चालु आ.व. को आर्थिक ऐन, २०७७ बमोजिम प्रतिकोठा मासिक रु. ३००० लिने गरेकोमा लकडाउनको कारणले गर्दा व्यापार व्यवसाय नभएकोले राजश्व परामर्श समितिको मिति २०७८।०३।१९ गतेको निर्णयले वैशाख र जेठ महिनाको भाडा मिनाहा गर्ने र उक्त कोठाहरु मर्मत संभारको खर्च भाडा रकममा नै समायोजन गर्ने निर्णय गरेकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो । साथै राजश्व परामर्श समितिको सोहि मितिको निर्णय वमोजिम आगामी आर्थिक वर्ष २०७८।७९ मा उक्त चारवटा कोठाहरुमध्ये अघिल्लो १ कोठाको भाडा रकम मासिक रु. ४०००।- र पछिल्ला ३ कोठाको भाडा रकम मासिक रु. ३५०० कायम गर्दै आर्थिक ऐन, २०७८ लाई सोहि बमोजिम संशोधन गर्न सिफारिश गर्ने निर्णय भएकोमा सो लाई समेत अनुमोदन गर्दै आर्थिक ऐन, २०७८ संशोधन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner